मिति: २०८०/०९/१६ , बैठक संख्या - ०७

आज मिति २०८०/०९/१६ गते सोमबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा आ.व २०८०/०८१ को सातौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........

१६. सदस्य सचिव श्री टोपेन्द्र कुमार लिम्बु ..........

१७. आमन्त्रित प्रशासकीय अधिकृत श्री प्रकाश अधिकारी ..........

१८. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान..........

१९. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी..........

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/०९/१६ , बैठक संख्या - ०७

**प्रस्तावहरू:-**

१. चालू आ.व. २०८०/०८१ तथा आगामी आ.व. २०८१/०८२ का लागि सङ्घीय सरकार तथा प्रदेश सरकारको विभिन्न मन्त्रालयहरूमा रकम माग गर्नका लागि योजना/कार्यक्रमहरू छनौट सम्बन्धमा ।

२. विविध ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मिति: २०८०/०९/१६ , बैठक संख्या - ०७

**निर्णय नं. १.**

चालू आ.व. २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि तथा आगामी आ.व. २०८१/०८२ का लागि यस गाउँपालिकामा सञ्चालन हुने गरी तपशिलका योजना तथा आयोजनाहरू सङ्घीय सरकार तथा प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु समक्ष सिफारिस सहित माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | आयोजना/कार्यक्रमहरूको नाम | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १. | सल्लेरी सुभाङ साम्रे पञ्चमी अमरपुर सडक | रु.१,१९,१२,५५,१११.१८ | कालोपत्रे |
| २. | जोरपोखरी मा.वि. खेलमैदान | रु. ११,२२,९५,६९८.८६ | |
| ३. | समेवा सिमखर्क तम्फुवा एकचेपा खाम्खु | रु. १६,७१,९१,०६१.०० | |
| ४. | गोपेटार कभर्ड हल | रु. ३,०७,८६,६१०.५७ | |
| ५. | बालाचतुरे-ओराङफुङ-जेभाले मुर्दे सडक | रु. ८४,४८,०९,८२६.५८ | |
| ६. | जोरपोखरी डोप्किले चतुरे पदमार्ग | रु. ३,३५,१६,२५३.६१ | |
| ७. | सिंहपुर देखि लिम्बुनीपुल सडक | रु. १०,६३,०२,५६१.५७ | |
| ८. | हाङगेपुङ मध्यपहाडी कालोपत्रे सडक | रु. २१,९२,६१,९३१.१९ | |
| ९. | जयभवानी मा.वि. भवन निर्माण | रु. २,२३,५२,४३४.०६ | |
| १०. | भालुचौक अमरपुर सडक कालोपत्रे | रु. ५,०७,५७,०८३.०९ | |
| ११. | सिद्धमावि खेलमैदान | रु. ६,७२,८४,९६०.०० | |
| १२. | भोटेगढी पदमार्ग | रु. ५,३८,९२,२५८.३० | |
| १३. | गुरुङछाप खेलमैदान | रु. ३,३४,६६,७४५.६४ | |
| १४. | ३ नं. वडा कार्यालय भवन | रु. २,४०,३३,०५५.०६ | |
| १५. | २ नं. वडा कार्यालय भवन | रु. १,९३,९८,२७५.१९ | |

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/०९/१६ , बैठक संख्या - ०७

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २**

विविधः

क. यस हिलिहाङ गाउँपालिकाको नाममा दर्ता कायम रहेको मे १ प ७९० इन्जिन नं KD07E2232491 (चेसिस नं TMKD11K5106094) भएको रातो रङको १५० सिसि हिरो होण्डाको मोटर साईकल मिति २०८०।०७।२४ गते विराटनगरमा राष्ट्रिय योजना आयोगद्धारा सन्चालित १६ औं योजना तर्जुमा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी भई फर्कने क्रममा मिति २०८०।०७।२७ गते राति उर्लावारी नगरपालिका वडा नं ४ थापाडाँगीबाट हराएको हुनाले हुँदा सो मोटरसाइकललाई यस पालिकाको सम्पतिबाट हटाउनका लागि आवश्यक सम्पुर्ण कार्य गर्न जिन्सी शाखालाई निर्देशन दिने तथा मलेनिकालाई सम्पतिबाट हटाउन सिफारिस गर्ने ।

ख. हिलिहाङ गाउँपालिका वडा नं. ६ स्थित स्वास्थ्य चौकी भारपाको नयाँ भवन निर्माण कार्यको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंलाई सिफारिस सहित माग गर्ने ।

ग. गाउँपालिकाको प्रशासकीय भवन निर्माण व्यवसायी श्री एस.ए.एस. कन्स्ट्रक्शन प्रा.लि.ले रिट निवेदक भई यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी पाँचथरलाई प्रत्यर्थी बनाई श्री उच्च अदालत विराटनगरमा दायर गरेको रिटको उत्प्रेषण परमादेश समेतको रिट निवेदनको सूचना म्याद मिति २०८०।०९।१६ मा प्राप्त भएकोले सो रिट निवेदन दावीको सम्बन्धमा आफ्नो लिखित जवाफ पेश गर्ने लगायतका कानुनी परामर्श तथा कानुनी सेवाका लागि आवश्यक कानुन व्यवसायी नियुक्त गर्न समेत यस हिलिहाङ गाउँपालिका,गाउँ कार्यपालिका कार्यालयका योजना तथा प्रशासन शाखा प्रमुख प्रशासकीय अधिकृत श्री प्रकाश अधिकारीलाई अख्तियारी दिने ।

घ. स्थानीय तहमा आर्थिक नीति तथा योजना, आर्थिक विकास पूर्वाधार, आर्थिक सशक्तिकरण र उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धन जस्ता स्थानीय आर्थिक विकासका पक्षहरूको समग्र अवस्थाको मूल्याङ्कनको माध्यमबाट स्थानीय आर्थिक विकासको प्रतिवेदनमा सहयोग पुऱ्याउन स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ को परिच्छेद ४ दफा १४ बमोजिम तपसिल बमोजिमको स्थानीय आर्थिक विकास संवाद समिति गठन गर्ने निर्णय गरियो ।

क) गाउँपालिका अध्यक्ष श्री समर बहादुर अधिकारी -संयोजक
ख) गाउँपालिका उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेडाई -सदस्य
ग) आर्थिक विकास समिति संयोजक श्री गंगामाया विश्वकर्मा -सदस्य
घ) घरेलु तथा साना उद्योग संघ संस्थाहरूको गाउँ तहको अध्यक्ष (श्री मन माया लिङदेन) - सदस्य
ङ) उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संघ संस्थाहरूको गाउँ तहको अध्यक्ष श्री प्रल्हाद खरेल- सदस्य
च) स्थानीय तहमा रहेका उत्पादनमा आधारित सहकारी प्रतिनिधी श्री अम्बिका शिगु -सदस्य
छ) स्थानीय तहमा रहेका बैंकको प्रतिनिधि श्री अर्जुन पोख्रेल - सदस्य
ज) स्थानीय तहमा सबैभन्दा बढी रोजगारी प्रदान गर्ने श्री कुल प्रसाद लिङदेन -सदस्य
झ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

CamScanner

ङ. हिलिहाङ गाउँपालिकाको आर्थिक ऐन २०८० मा उल्लेख नभएको हिलिहाङ गाउँपालिकाबाट अन्यत्र बसाईसरी जाने घरपरिवारहरूलाई आगामी सभाबाट समर्थन हुने गरी रु.५,०००/- (अक्षरेपी पाँच हजार रुपैयाँ) बसाईसराई दस्तुर लिने ।

च. माघे संक्रान्ति/मकर संक्रान्तिको अवसरमा हिलिहाङ गाउँपालिका वडा नं. २ काबेलीमा लाग्ने माघे मेलाको अवसरमा आयोजना हुने खुला पुरुष भलिबल तथा ब्याटमिन्टन खेलकुद प्रतियोगिता सञ्चालनको लागि रु. ६०,०००/- (अक्षरेपी साठी हजार रुपैयाँ) विविध खर्च शीर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

छ. हिलिहाङ गाउँपालिका, वडा नं. १ अमरपुर निवासी श्री रुविण नेपालीलाई Zeology शिक्षा अध्ययन छात्रवृति सहयोग स्वरूप अन्य आर्थिक सहायता खर्च शीर्षकबाट रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ) भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

ज. हिलिहाङ गाउँपालिका, वडा नं. ५ निवासी श्री भीम प्रसाद संग्रौलाको छोरा श्री प्रेम संग्रौलाको सवारी दुर्घटनामा परी गत मङ्सिर ३० गते अल्पायुमै निधन भएको हुँदा निजको परिवारलाई आर्थिक सहायता स्वरुप अन्य आर्थिक सहायता खर्च शीर्षकबाट रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ) भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

झ. हिलिहाङ गाउँपालिका, वडा नं. ७ सल्लेरी निवासी श्री सरिस्मा योङ्या निजको बुबाको मृत्यु भई उच्च शिक्षा अध्ययनको लागि आर्थिक अवस्था कम्जोर भएको हुँदा निजलाई स्टाफ नर्स अध्ययन छात्रवृति सहयोग स्वरूप अन्य आर्थिक सहायता खर्च शीर्षकबाट रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ) भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

ञ. हिलिहाङ गाउँपालिकाको कार्यपालिका सदस्य श्री पुण्य प्रसाद राईको ममतामयी माता स्व. धन रानी राई तथा कार्यपालिका सदस्य श्री विरेन्द्र मंग्रातीको पुजनीय बुबा स्व. कुल बहादुर मंग्रातीको स्वर्गारोहण भएको हुँदा गाउँपालिकाको बैठकबाट हार्दिक समबेदना व्यक्त गर्ने ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

CamScanner